# स्वतः प्रकाशन

## ( Proactive Discloser)

(२०७८ असार मशान्तसम्म)

(सूचनाको हकसम्वन्धी ऐन २०६४ को दफा ५(३) र सुचनाको हक सम्वन्धी नियमावली २०६४ को नियम ३ वमोजिम सार्वजनिक गरिएको)

**सुनवल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
**सुनवल, नवलपरासी(वर्दघाट सुस्ता पश्चिम)**

## १. नगरपालिकाको संक्षिप्त परिचय ः

### १.१ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता ः

यस नगरपालिकाको नाम सुनवल नै किन रह्यो भन्नेबारे ऐतिहासिक लेख नभएतापनि अग्रजहरुको जनश्रुति अनुसार  बर्दगोरीया भन्ने ठाउँमा बाबा अमरनाथ बस्नुहुन्थ्यो र त्यहाँ उहाँले एउटा अमर पोखरीपनि खन्नु भएको रहेछ। बाबा अमरनाथले  एउटा साँढेपनि पाल्नुभएको थियो जसलाई उहाँले शिवजीको बाहनको रुपमा पुजेर राख्नु भएको थियो। उक्त साँढेको गलामा एउटा सुनको हार थियो। बाबाले भक्तहरुलाई चोटपटक लागेमा अमरपोखरीमा आएर नुहाउनाले सबै ठिक हुन्छ भन्ने बरदान दिनुभएको थियो। एकदिन साँढे रुपन्देहीको भलुहिमा चरि रहंदा शत्रुहरुले बन्चरोले उसको घांटी काटीदिएछन्। साँढे चाहिँ बर्दगोरियाको पोखरीमा आउने प्रयास गरिरह्यो। घांटी काटिएको ठाउँमा टाउको खस्यो र ऐले सुनवल नगरपालिका भएको ठाउँमा उक्त साँढेले लगाएको हार खस्यो र यस ठाउँलाई सुनहार भन्न थालियो। समय बित्दै जाँदा त्यहि सुनहार भन्ने नाम सुनहल भइ अहिले अपभ्रंस भइ सुनवल भएको छ। यसरि नै सुनवल नगरपालिकाको नाम कृषिसंग पनि सम्बन्धित रहेको छ। सुनवलमा सुनजस्तै धानकोबाला फल्ने भएकोले सुनको बाला भन्दाभन्दै सुनवाला भन्न थालियो र त्यहि नाम अपभ्रंस भइ सुनवल भएको आम किम्बदन्ती रहेको छ ।

### १.२ भौगोलिक अवस्थितिः

नेपालको प्रथम बाल मैत्रीपूर्ण नगरपालिकाको रुपमा परिचित यो सुनवल नगरपालिका भौगोलिक हिसावले तराई क्षेत्रमा अवस्थित छ । जसमा नवलपरासी जिल्लाको चुरे क्षेत्रको सानो भाग पनि यस नगरपालिका क्षेत्रमा पर्दछ ।  यस नगरपालिकाको पूर्वमा सरावल गाउपालिका र बर्दघाट नगरपालिका, पश्चिममा  रुपन्देही जिल्ला, उत्तरमा गण्डकी प्रदेशको पाल्पा जिल्लाको माथागढी गाउपालिका र नवलपरासी वर्दघाट सुस्ता पश्चिम जिल्लाको विनयी त्रिवेणी गाउँपालिका, दक्षिणमा रामग्राम नगरपालिका रहेको छ । विक्रम सम्बत २०७१ साल ज्येष्ठ ४ गते नेपाल सरकारको स्थानीय प्रशासन अधिनियम अनुसार साबिकका स्वाठी गाविस र सुनवल आदर्श गाउ विकास समितिलाई मिलाइ स्थानीय निकायको रुपमा साविकको सुनवल नगरपालिका वनेकोमा स्थानीय तहको पुनसंरचना हुँदा नवलपरासी जिल्लाको साविक सुनवल नगरपालिका, रामनगर गाविस र साबिक धुर्कोट गा.वि.स.को वडा नं. ६ मिलाई विक्रम सम्बत २०७३ साल फाल्गुन २७ मा नेपाल राजपत्रमा प्रकाशन गरी स्थानीय तहको रुपमा हालको सुनवल नगरपालिका स्थापना भएको हो । यो नगरपालिका समुद्र सतहबाट १३८ देखि १०२३ मीटरको सतहमा रहनुका साथै यसको क्षेत्रफल १३९.१० वर्ग किलोमीटर रहेको छ । राष्ट्रीय जनगणना २०६८ अनुसार यस नगरपालिकाभित्र ५५,४२४ जनसंख्या र १२,६५९ घरधुरी रहेकामा यस सुनवल नगरपालिकाले वि.स. २०७७ मा स्थानीय स्तरमा गरेको गणना अनुसार यस नगरपालिका भित्र १५००० घरधुरी र करिब ७३००० जनसंख्या रहेको देखिएको छ । सो अनुसार सुनवलको जनसंख्या घनत्व ६०२.२ प्रति वर्ग

किलोमिटर रहेको र जनसंख्या वृद्धि दर २.४२ % रहेको छ । सुनवलमा हिन्दु, बौद्ध, मुस्लिम र क्रिश्चियन लगायतका धर्महरु मान्ने विभिन्न जातजातिका बासिन्दाहरु रहेका छन् । त्यस्तै, यस नगरपालिकामा ८८.५% नागरिकहरु साक्षर छन् र सबै बालबालिका विद्यालय जान्छन । राज्यको पुनसंरचना पश्चात संपन्न स्थानीय तहको निर्वाचनवाट निर्वाचित पदाधिकारीहरुवाट विक्रम सम्बत २०७४ असार २५ गते पदवहाली गरी नगरपालिकाको सेवा प्रवाह तथा विकासका गतिविधिहरु कार्यान्वयन भैरहेको छ । सुनवल तराई र नेपालको पहाडी क्षेत्रसँग सीमामा छ । यद्यपि यो नगरपालिका तराईमा अवस्थित भए पनि, यसको पहाडी क्षेत्रमा पनि केही परिवार बसोबास गर्दछन् । मध्यम जनसंख्या भएको यो नगरपालिकाको पचास प्रतिशत भन्दा बढी क्षेत्रमा जंगल रहेको छ । जहाँ धातु, ढुङ्गा जस्ता खनिजहरू छन् । विविध भौगोलिक सुविधाको कारण, सुनवल पर्यटन, आधुनिक र स्वदेशी व्यापार, कृषि, जस्ता सम्भावना बोकेको शहरको रुपमा परिणत हुँदै गएको छ । स्थानीय सरकारको वर्तमान नियन्त्रणले पूर्वाधारको छिटो विकासको सम्भावना बढाएको छ ।

### १.३ हावापानी र भू-उपयोगः

यस नगरपालिकाको हावापानी समष्टिमा समशितोष्ण प्रकारको रहेको छ । यहाँको धरातलीय स्वरूपले पनि हावापानीको प्रभाव दक्षिण पूर्वी मनसूनबाट प्रभावित देखिन्छ। यस शहरको औसत तापक्रम गर्मीमा २८ डिग्री देखि ४३ डिग्री सेल्सियस, र जाडोमा ५ डिग्री सेल्सियस देखि २८ डिग्री सेल्सियससम्म हुने गर्दछ । पहाडी बेल्ट र तराई बेल्टमा वातावरणको विविधता पनि यस क्षेत्रको अर्को प्राकृतिक पहिचान हो । यस नगरपालिकामा जति उत्तर गइन्छ उति नै हावापानीमा केहि अन्तर पाइन्छ भने बार्षिक वर्षा औसतमा २७५ मि.मि. हुन्छ। कृषि उत्पादनको दृष्टिकोणले हेर्ने हो भने यहाँको जमिनको अधिकांश भूभाग समथर हुनाले सो जमिन कृषियोग्य छ । यस नगरपालिकामा खोलानाला तथा पानीको श्रोतहरु रहेकोले सिंचाइको अवस्था पनि सन्तोषजनक रहेको छ । धान, गहुँ, मकै जस्ता खाध्य बालि तथा तोरी, तरकारी र उखु जस्ता नगदे बालीहरु यहाँको प्रमुख खेतीहरु हुन्।

### १.४ ऐतिहासिक, धार्मिक र पर्यटक क्षेत्रहरूः

सुनवल नगरपालिका क्षेत्रका ऐतिहासिक, धार्मिक र पर्यटक क्षेत्रहरूमा बाबा बर्दगोरिया, महल पोखरी, सुनवल हिलपार्क, ऐतिहासिक देवदह ताल, उत्तरायण धार्मिक क्षेत्र, सहिद बिष्णु पाण्डे प्रतिष्ठान, बैरागनाथ मन्दिर, कृष्ण धाम (कृष्णको दामोदर स्वरुपको प्रतिमा), सोमनाथ बाबा, मामीसति सावरिया, ओमेश्वर मन्दिर, खड्कट्टी क्षेत्र, डाकापानी पिकनिक स्थान, स्वाठी पोखरी, बनकट्टी बुद्धको मूर्ति आदि रहेका छन ।

### १.५ मुख्य व्यवसाय क्षेत्रहरुः

यस सुनवल नगरपालिका शहरउन्मुख क्षेत्र हो । यस नगरपालिकाका प्रमुख वजार केन्द्रको रुपमा सुनवल चौराहा, भुमही वजार , स्वाठी , बडेरा, बनकट्टी र अस्नैया, ज्यामिरे रामपुर चौराहा जस्ता वजारहरु रहेका छन ।

### १.६ सामाजिक-सांस्कृतिक अवस्थाः

सांस्कृतिक विविधता सुनवलको एक धेरै महत्त्वपूर्ण पहिचान हो । यहाँ विभिन्न धर्म मान्ने मानिसहरू वसोवास गर्दछन। बाहुन, क्षेत्री, जनजाती, मधेशी यहाँका प्रमुख जातीय समुदाय हुन् । दशैं तिहार लोसार छठ आदि यहाँका मुख्य पर्वहरु हुन। सुनवलको संगठित विकास प्रकृति र सामाजिक प्रणालीले सधैँ आफ्नो मिशनमा सफलताको संकेत गर्दछ।

## २. सुनवल नगरपालिकाको काम कर्तव्य र अधिकार ः

नेपालको संविधानको अनुसुची ८ वमोजिमका एकल अधिकारको सूची र अनुसुची ९ वमोजिमको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची वमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ मा नगरपालिकाको काम कर्तव्य अधिकार र दफा १२ मा वडा समितिको काम कर्तव्य अधिकार तोकिएको छ ।

## ३. सुनवल नगरपालिकाका शाखा/उपशाखागत तथा वडा सचिवहरुको सम्पर्क विवरण ः

### ३.१ः सुनवल नगरपालिकाका शाखा/उपशाखागत सम्पर्क विवरण ः

| क्र स | शाखाको नाम | शाखा उप शाखा प्रमुखको नाम | पद तह | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत श्री अशोक कोइराला मोवाइल नं ९८५७६३८१११ | | | | | |
| १ | प्रशासन योजना तथा अनुगमन शाखा | मोहनराज ज्ञवाली | अधिकृत सातौं | ९८५७०४५६५४ | |
| २ | शिक्षा युवा तथा खेलकुद शाखा | विष्णु प्रसाद गोतामे | अधिकृत दशौं | ९८४१५१२९४० | |
| ३ | स्वास्थ्य तथा सामाजिक विकास शाखा | कृष्ण प्रसाद न्यौपाने | जनस्वास्थ्य अधिकृत( सातौं) | ९८५७०३८३४१ | |
| ४ | आर्थिक प्रशासन शाखा | वृहस्पति घिमिरे | लेखा अधिकृत(सातौं) | ९८६७००२१२४ | |
| ५ | भूमी आयोग | गणेश प्रसाद न्यौपाने | अधिकृत छैठौं | ९८४७४५८४०६ | |
| ६ | राजश्व शाखा | चक्रपाणी भण्डारी | अधिकृत छैठौं | ९८४७१५२२०५ | |
| ७ | आर्थिक विकास शाखा | खेमराज ढकाल | अधिकृत छैठौं | ९८५७०६४४९० | |
| ८ | कृषि विकास शाखा | सन्तोष कण्डेल | कृषि प्राविधिक(छैठौं) | ९८४७२४१२७२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | पशुसेवा शाखा | मिश्री प्रसाद खडका | अधिकृत छैठौं( पशुसेवा) | ९८५१२४४५३३ | |
| १० | पूर्वाधार विकास शाखा | सन्तोष गैरे | ईन्जिनियर (छैठौं) | ९८४१०६२६५९ | |
| ११ | आन्तरिक लेखा परिक्षण शाखा | राजेन्द्र प्रसाद सापकोटा | लेखा परिक्षण अधिकृत( सातौं) | ९८५७०४५२७७ | |
| १२ | भवन तथा वस्ति विकास उपशाखा | सन्ध्या ज्ञवाली | आर्किटेक्ट इन्जिनियर ( छैठौं) | ९८१८२७९५७९ | |
| १३ | पञ्जिकरण तथा सामाजिक सुरक्षा उपशाखा | राधा गौतम | नायव सुव्वा(पाँचौं) | ९८४७०६५५४९८ | |
| १४ | प्रशासन उपशाखा/योजना उपशाखा | पुरुषोत्तम ढकाल | कम्प्युटर अपरेटर (पाँचौं) | ९८४७०२६५६५ | |
| १५ | महिला वालवालिका तथा समाज कल्याण उपशाखा | केशरी देवी गैरे | स.म.वि.नि.(पाँचौ) | ९८४७०८०७९० | |
| १७ | | | | | |
| | | | | | |

## ३.२ सुनवल नगरपालिकाका वडा सचिवहरुको सम्पर्क विवरण :

| क्र स | वडा नं. | वडा सचिवको नाम | तह | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | अमरनाथ कँवर | सहायक चौथौ | ९८४७२०६६३५ | |
| २ | २ | भीम वहादुर चौधरी | सहायक चौथौ | ९८४७४२०५१४ | |
| ३ | ३ | अग्नीधर न्यौपाने | सहायक चौथौ | ९८५७०४५२४५ | |
| ४ | ४ | गंगा पाण्डे | सहायक पाँचौ | ९८६७३८४१९० | |
| ५ | ५ | मञ्जु अर्याल | सहायक चौथौ | ९८४७२९०६९० | |
| ६ | ६ | जमुना अधिकारी | सहायक पाँचौ | ९८४१९८१२३२ | |
| ७ | ७ | घनश्याम ज्ञवाली | सहायक पाँचौ | ९८४७०८१००४ | |
| ८ | ८ | रमा पाण्डे | सहायक पाँचौ | ९८५७०७०६७१ | |
| ९ | ९ | सुश्मिता पौडेल | सहायक पाँचौ | ९८६७१७६३३५ | |
| १० | १० | रेखा कुमारी गुरुङ | सहायक चौथो | ९८४७०१७००४ | |
| ११ | ११ | सुरज पराजुली | कम्प्युटर अपरेटर (चौथौ) | ९८४४७३३९३१ | |
| १२ | १२ | कृष्ण वहादुर आले | सहायक चौथो | ९८६७११०५१८ | |
| १३ | १३ | रिता ज्ञवाली | सहायक चौथो | ९८४७५१३११२ | |

४. सुनवल नगरपालिकाका मुख्य मुख्य योजना तथा कार्यक्रमहरुको प्रगती विवरण :

१. चालु र पूजीगत वजेट तथा खर्च प्रगती :

| शिर्षक | वजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ५५,७०,८४,७६८.०० | ४०,०२,६५,१२६.६५ | ७१.८५ |
| पूँजीगत | ७८,६६,५२,९७४.०० | ४२,०५,६४,३५४.८० | ५३.४६ |
| जम्मा | १,३४,३७,३७,७४२.०० | ८२,०८,२९,४८१.४५ | ६१.०९ |

२. नगरपालिकाको प्रशासकीय भवन निर्माण ७० प्रतिशत प्रगती भएको
३. २ वटा वडा कार्यालय भवन निर्माण सम्पन्न
४. ७ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण सम्पन्न
५. ८ कि.मी. सडक कालोपत्रे भएको
६. १३ वटा पुल तथा कल्भर्ट मर्मत तथा निर्माण कार्य भएको
७. सहकारी शित भण्डार( ३००० मे.टन. क्षमताको) ७५ प्रतिशत कार्य सम्पन्न
८. अटो भिलेजको कार्यसम्पन्न
९. २० कोठा विद्यालय भवन निर्माण सम्पन्न
१०. सुरक्षित आगरिक आवास अन्तर्गत ८८ वटा घर निर्माण कार्य सम्पन्न
११. ८ वटा खानेपानी आयोजनामा मर्मत सुधार भएको
१२. कोभिड १८ विरुद्धको पूर्ण खोप घोषणा भएको
१३. ५ वर्ष देखि ११ वर्ष सम्मका पहिलो रदोस्रो मात्रा खोप लगाएको
१४. पोषण भत्ता र मृत्यु संस्कार खर्च निरन्तरता
१५. निशुल्क एम्वुलेन्स सेवा
१६. प्रशुती गृह संचालन
१७. ५४ वटा उद्योग व्यवसाय दर्ता भएको
१८. १२७ जाना वेरोजगारले औषतमा ४८ दिन रोजगार प्राप्त गरेका
१९. किसान सूचीकरण अन्तर्गत १४०० किसान सूचिकरण भएका
२०. २ वटा मह प्रशोधन केन्द्र स्थापना भएका
२१. १५ सहकारी मार्फत मल व्यवस्थापन भैरहेको
२२. घरैवाट कर तिर्न मिल्ने गरी इ सर्भिस शुरु भएको
२३. राजश्व सुधार कार्ययोजना निर्माण भएको
२४. ७२ वटा इजाजत र ३८२ वटा घरनक्सा नियमित भएको
२५. ५० प्रतिशत लागत साझेदारीमा ३० वटा भैसी खरिदमा अनुदान

२६. १० वटा वाख्रा पालनका लागि खोर निर्माण
२७. ५ वटा विद्यालयमा ५ कक्षा भन्दा मुनीका वच्चाका लागि ए सी सहितको वसाई व्यवस्थापन लगायत विद्यालय पूर्वाधार निर्माण भएको
२८. नगर शिक्षा योजना निर्माण भएको
२९. शिक्षण क्षमता विकासका लागि कार्यसम्पादन सूचकहरको विकास गरिएको
३०. वालवालिकाको वहुआयामिक विकासका लागि खेलकुद कार्यक्रम संचालन
३१. विद्यालय यातायातको लागि १० वटा वस र १२ वटा इ रिक्सा वितरण
३२. माविको १२ वटा निमाविको ६ वटा, प्राविको १८ वटा र वालविकासको ३ वटा शिक्षण अनुदान सहायता वितरण भएको ।
३३. ३०४ दलित जेष्ठ नागरिक दलित, २८१८ अन्य जेष्ठ नागरिक, ७०६ जेष्ठ नागरिक महिला, ११८३ विधवा, ११२ पूर्ण अपांगता, ४०० अति अशक्त अपांगत, ४४७ दलित वालवालिका, २१ जना लोपोन्मुख गरी जम्मा ६१०१ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका
३४. १४२२ जन्म, ५२८ मृत्यु, ६० सम्वन्ध विच्छेद, ८५३ विवाह, ८२४ वसाइ सरी आएको र ३१८ वसाई सरी जाने लगायतका व्यक्तिगत घट्ना दर्ता भएको ।
३५. आवधिक योजना निर्माण भएको ।
३६. लैगिक तथा सामाजिक समावेशीकरण रणनैतिक योजना निर्माण भएको
३७. वेरुजु विवरण ः

- आ.व. २०७६।७७ सम्मको वेरुजु रु. २२,३४,८२,०००।००
- सम्परिक्षण भएको रु. ५,५१,२५,३२६।००
- आ.व. २०७७।७८ को कायम वेरुजु ७,४८,०४,३११।००
- अध्यावधिक वेरुजु रु. २४,३१,७०,८८५।००

## ५. सुनवल नगरपालिकाको आ.व. २०७८।७९ को आयव्यय विवरण :

### सुनवल नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय, नवलपरासी
कार्यालयको कोड : ८०५४७४०३३००

**आय व्ययको बिवरण**

आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१-२०७९/०३/३२

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ५०,७०,७७,००० | ४१,९५,३१,२७१.५१ | ८२.७४ | ८,७५,४५,७२८.४९ |
| १३३११ समानिकरण अनुदान | १७,२२,००,००० | १७,२२,००,००० | १०० | ० |
| १३३१२ शसर्त अनुदान चालु | २५,२२,७७,००० | २०,८६,१२,२५२.५१ | ८२.६९ | ४,३६,६४,७४७.४९ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ३,८६,००,००० | ३,७८,४६,९०८ | ९८.०५ | ७,५३,०९२ |
| १३३१५ विषेश अनुदान पुँजीगत | १,९९,००,००० | ४,९३,६४७ | २.४८ | १,९४,०६,३५३ |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,९१,००,००० | ० | ० | १,९१,००,००० |
| १३३१८ अन्य अनुदान चालु | ५०,००,००० | ३,७८,४६४ | ७.५७ | ४६,२१,५३६ |
| प्रदेश सरकार | ४,८०,५५,००० | २,९६,९६,५२८ | ६१.८ | १,८३,५८,४७२ |
| १३३११ समानिकरण अनुदान | ८२,१२,००० | ८२,१२,००० | १०० | ० |
| १३३१२ शसर्त अनुदान चालु | ३,००,००० | ० | ० | ३,००,००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,१५,४४,००० | ७१,२६,७७१ | ६१.७४ | ४४,१७,२२९ |
| १३३१४ विषेश अनुदान चालु | ० | ० | ० | ० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ८०,००,००० | ८०,००,००० | १०० | ० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,९९,९९,००० | ६३,५७,७५७ | ३१.७९ | १,३६,४१,२४३ |
| राजस्व बाडफाड | १९,७४,८५,३४५ | ११,९४,५७,३३३.७७ | ६०.४९ | ७,८०,२८,०११.२३ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ६,७५,००,००० | ० | ० | ६,७५,००,००० |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ५५,७०,८४,७६८ | ४०,०२,६५,१२६.६५ | ७१.८४ | १५,६८,१९,६४१.३५ |
| २११११ पारिश्रमिक कर्मचारी | २०,७९,२५,००० | २०,५९,७२,६१७.५९ | ९९.०६ | १९,५२,३८२.४१ |
| २११२१ पोशाक | १२,३०,००० | ११,५१,२२५ | ९३.६ | ७८,७७५ |
| २११२३ औषधीउपचार खर्च | २१,००,००० | ७,५५,२१३ | ३५.९६ | १३,४४,७८७ |
| २११३२ महंगी भत्ता | २०,००,००० | २०,००,००० | १०० | ० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ६२,७५,००० | ५२,२१,५६०.०५ | ८३.२१ | १०,५३,४३९.९५ |
| २११३९ अन्य भत्ता | ६४,९५,००० | ५६,२६,७२४ | ८६.६३ | ८,६८,२७६ |
| २११४२ पदाधिकारीअन्य सुबिधा | १,५०,००,००० | १,३८,८५,५०० | ९२.५७ | ११,१४,५०० |
| २१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | १५,००,००० | ० | ० | १५,००,००० |
| २१२१४ कर्मचारी कल्याण कोष | ० | ० | ० | ० |
| २१२२३ पदाधिकारीको योगदानमा आधारित बीमा कोष खर्च | १०,००,००० | ५,०२,२७० | ५०.२३ | ४,९७,७३० |
| २२१११ पानी तथा बिजुली | १४,५०,००० | १४,४९,९९९.३० | १०० | ०.७० |
| २२११२ संचार महसुल | ३०,१८,००० | १८,६६,९४२ | ६१.८६ | ११,५१,०५८ |
| २२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च | २२,००,००० | १८,८२,००० | ८५.५५ | ३,१८,००० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ४५,००,००० | ४०,८७,२१३.५० | ९०.८३ | ४,१२,७८६.५० |
| २२२१३ सवारी साधन मर्मत खर्च | १५,००,००० | १४,९८,६०८ | ९९.९१ | १,३९२ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ७,००,००० | ६,६९,००० | ९५.५७ | ३१,००० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२,१०,००० | १७,८४,२४६ | ८०.७३ | ४,२५,७५४ |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २,५०,००० | १,९१,०११ | ७६.४ | ५८,९८९ |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | २,००,००० | ० | ० | २,००,००० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ४,००,००० | ३,९२,६३४ | ९८.१६ | ७,३६६ |

## सुनवल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, नवलपरासी
कार्यालयको कोड : ८०५४७४०३३००

### आय व्ययको बिबरण

आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१-२०७९/०३/३२

**आय**

| | | | | |
|---|---|---|---|---|
| ११४५१ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ५,४३,८७,५०० | ६,९५,१९,०७४.६३ | १२७.८२ | (१,५१,३१,[illegible]) |
| ११४५२ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ५,४३,८७,५०० | ४,८४,८१,११३.२५ | ८९.१४ | [illegible] |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २,१२,१०,३४५ | १४,५७,१४५.८९ | ६.८७ | १,९७,५३,१९९.११ |
| आन्तरिक श्रोत | ५७,६६,२०,३९७ | ४५,९४,६५,९४०.९१ | ७९.६८ | ११,७१,५४,४५६.०९ |
| ११३१३ एकीकृत सम्पती कर | २,५०,००,००० | १,५७,०८,९९० | ६२.८४ | ९२,९१,०१० |
| ११३२१ घरवहाल कर | १,५०,००,००० | ९२,०१,१६६.७६ | ६१.३४ | ५७,९८,८३३.२४ |
| ११३२२ वहाल विटौरी कर | ७५,००,००० | २८,६०० | ०.३८ | ७४,७१,४०० |
| ११६९१ अन्य कर | १०,००,००० | ३,५०,४४५.४५ | ३५.०४ | ६,४९,५५४.५५ |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ९,००,००,००० | ० | ० | ९,००,००,००० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ३०,००,००० | ९,७१,६४८ | ३२.३९ | २०,२८,३५२ |
| १४२४२ नक्सापास दस्तुर | १,५०,००,००० | ४४,०८,०१८.२६ | २९.३९ | १,०५,९१,९८१.७४ |
| १४२४३ सिफारिश दस्तुर | १,५०,००,००० | १,१८,७८,२८९.४१ | ७९.१९ | ३१,२१,७१०.५९ |
| १४२४५ नाता प्रमाणित दस्तुर | ४,००,००० | ४,६२,४२८ | ११५.६१ | (६२,४२८) |
| १४२४९ अन्य दस्तुर | १,००,००,००० | ७७,०१,७७४ | ७७.०२ | २२,९८,२२६ |
| १४५२९ अन्य राजस्व | १,२०,००,००० | २०,९७,६०७.७९ | १७.४८ | ९९,०२,३९२.२१ |
| १४६११ व्यवसाय कर | ७०,००,००० | २६,५०,३४३.०१ | ३७.८६ | ४३,४९,६५६.९९ |
| ३२१२२ बैंक मौज्दात | ३७,५७,२०,३९७ | ४०,४०,०६,६३०.२३ | १०७.५३ | (२,८२,८६,२३३.२३) |
| जनसहभागिता | १,४५,००,००० | १,५०,२४,१६०.७३ | १०३.६१ | (५,२४,१६०.७३) |
| १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | १,४५,००,००० | १,५०,२४,१६०.७३ | १०३.६१ | (५,२४,१६०.७३) |
| जम्मा | १,३४,३७,३७,७४२ | १,०४,३१,७५,२३४.९२ | ७७.६३ | ३०,०५,६२,५०७.०८ |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २९,००,००० | २४,७६,८७० | ८५.४१ | ४,२३,१३० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ९२,४५,००० | ८७,९३,६६५ | ९५.१२ | ४,५१,३३५ |
| २२४११ सेवा र परामर्श खर्च | ३०,१२,००० | २०,८०,२०६.२० | ६९.०६ | ९,३१,७९३.८० |
| २२४१४ सरसफाईसेवा शुल्क | २०,००,००० | १२,४२,६६१ | ६२.१३ | ७,५७,३३९ |
| २२४१९ अन्य सेवा शुल्क | ४,००,००० | ० | ० | ४,००,००० |
| २२५११ कर्मचारी तालिम खर्च | २,५०,००० | १,८५,००० | ७४ | ६५,००० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १०,४०,००० | ० | ० | १०,४०,००० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | १,१३,००० | ० | ० | १,१३,००० |
| २२५२२ कार्यक्रम खर्च | १०,८१,२८,५८० | ७,२०,५९,८६४.७५ | ६६.६४ | ३,६०,६८,७१५.२५ |
| २२५२९ विविध कार्यक्रम खर्च | २,१०,००,००० | १,३५,२२,५८१ | ६४.३९ | ७४,७७,४१९ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | १४,४४,००० | २,४८,४४० | १७.२ | ११,९५,५६० |
| २२६१२ भ्रमण खर्च | २९,४२,००० | २३,३६,९३८.२६ | ७९.४३ | ६,०५,०६१.७४ |
| २२७११ विविध खर्च | १,२६,१८,००० | ७६,५२,१५७ | ६०.६४ | ४९,६५,८४३ |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ४४,९९,००० | ३३,५२,००० | ७४.५१ | ११,४७,००० |
| २५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता | २,००,००० | ० | ० | २,००,००० |
| २७२११ छात्रवृत्ति | ३,६०,००० | ५९,७०० | १६.५७ | ३,००,३०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ७७,८०,००० | ० | ० | ७७,८०,००० |
| २७२१९ अन्य सामाजिक सहायता | ३,९९,००० | ३,८८,३०५ | ९७.३२ | १०,६९५ |
| २८१४१ जग्गाको भाडा | ६,६०,००० | ६,६०,००० | १०० | ० |
| २८१४२ घरभाडा | ४०,००,००० | ३६,०२,१४० | ९०.०५ | ३,९७,८६० |
| २८१४९ अन्य भाडा | ४,००,००० | १,७२,००० | ४३ | २,२८,००० |
| २८२११ राजस्व फिर्ता | १५,००,००० | ३,२५,२८८ | २१.६९ | ११,७४,७१२ |
| २८२१९ अन्य फिर्ता | ११,२२,४१,१८८ | ३,२१,७०,५४७ | २८.६६ | ८,००,७०,६४१ |
| पूंजीगत | ७८,६६,५२,९७४ | ४२,०५,६४,३५४.८० | ५३.४६ | ३६,६०,८८,६१९.२० |

# सुनवल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, नवलपरासी
कार्यालयको कोड : ८०५४७४०३३००

### आय व्ययको बिबरण

आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१-२०७९/०३/३२

| आय | | व्यय | | | |
|---|---|---|---|---|---|
| | ३११११ आवासीय भवन निर्माण/खरिद | १,०५,०६,००० | ९८,६२,९३१ | ९३.८८ | ६,४३,०६९ |
| | ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १३,६९,९४,२५१ | ५,८१,०७,०७८ | ४२.४२ | ७,८८,८७,१७३ |
| | ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ८५,६७,००० | ८२,५५,७८९ | ९६.३७ | ३,११,२११ |
| | ३१११४ जग्गा विकास कार्य | ३९,००,००० | ९,०७,३३० | २३.२६ | २९,९२,६७० |
| | ३११२१ सवारी साधन | ५५,००,००० | ५२,१५,९०० | ९४.८३ | २,८४,१०० |
| | ३११२२ मेशिनरी तथा औजार | १,३१,४०,००० | ४८,८१,८६९ | ३७.१५ | ८२,५८,१३१ |
| | ३११२३ फर्निचर तथा फिक्चर्स | ३५,००,००० | २१,१३,५३० | ६०.३९ | १३,८६,४७० |
| | ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १५,००,००० | १०,७५,२४० | ७१.६८ | ४,२४,७६० |
| | ३११३५ पूँजीगत परामर्श खर्च | १९,४६,००० | १४,२२,४०२ | ७३.०९ | ५,२३,५९८ |
| | ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | ३८,००,००० | ३४,२९,३०३ | ९०.२४ | ३,७०,६९७ |
| | ३११५१ सडक तथा पूल निर्माण | २५,४०,५७,५८८ | १३,४०,१२,४२८ | ५२.७५ | १२,००,४५,१६० |
| | ३११५३ विद्युत संरचना निर्माण | २२,८२,२०४ | १२,२१,११२ | ५३.५१ | १०,६१,०९२ |
| | ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ३६,८८,६८१ | २७,६७,७८७ | ७५.०३ | ९,२०,८९४ |
| | ३११५५ सिंचाई संरचना निर्माण | ६०,१२,९३८ | ४१,०४,१७५ | ६८.२६ | १९,०८,७६३ |
| | ३११५६ खानेपानी संरचना निर्माण | १,७८,५६,६७४ | १,२२,९८,०२९ | ६८.८७ | ५५,५८,६४५ |
| | ३११५७ वन तथा वातावरण संरक्षण | ७९,०८,५४३ | ५१,१०,६६७ | ६४.६२ | २७,९७,८७६ |
| | ३११५८ सरसफाई संरचना निर्माण | ५,२६,५२,०३६ | २,०४,६५,७९३ | ३८.८६ | ३,२१,८६,२४३ |
| | ३११५९ अन्य सार्वजनिक निर्माण | २४,८२,०९,०५९ | १४,१९,५०,५२७.८० | ५७.१९ | १०,६२,५८,५३१.२० |
| | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ११,७५,००० | ५,६०,२६३ | ४७.६८ | ६,१४,७३७ |
| | ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | २२,७१,००० | १८,०२,२०१ | ७९.३६ | ४,६८,७९९ |
| | ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | १०,००,००० | १०,००,००० | १०० | ० |
| | ३१४११ जग्गाप्राप्ति खर्च | १,८६,००० | ० | ० | १,८६,००० |
| | जम्मा | १,३४,३७,३७,७४२ | ८२,०८,२९,४८१.४५ | ६१.०८ | ५२,२९,०८,२६०.५५ |

## ६. सुनवल नगरपालकावाट जारी भएका स्थानीय कानुनहरुको विवरण ः

| क्र स | कानुनको नाम |
|---|---|
| १ | सुनवल नगररपालिका नगरसभा संचालन कार्यविधि २०७४ |
| २ | सुनवल नगररपालिका नगर कार्यपालिकाको वैठक संचालन कार्यविधि २०७४ |
| ३ | सुनवल नगररपालिका नगर कार्यपालिका (कार्य विभाजन) नियमावली २०७४ |
| ४ | सुनवल नगररपालिका नगर कार्यपालिकाको निर्णय वा आदेश वा अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४ |
| ५ | सुनवल नगररपालिका नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४ |
| ६ | सुनवल नगरपालिका विनियोजन विद्येयक २०७४ |
| ७ | सुनवल नगरपालिका आर्थिक विद्येयक २०७४ |
| ८ | स्थानीय रावपत्र प्रकाशन सम्वन्धी कार्यविधि २०७५ |
| ९ | सुनवल नगरपालिका न्यायिक समिति( कार्यविधि) सम्वन्धी ऐन २०७५ |
| १० | सुनवल नगरपालिकाको सहकारी ऐन २०७५ |
| ११ | सुनवल नगरपालिकाको वस्ति विकास तथा भवन निर्माणको मापदण्ड २०७५ |
| १२ | सुनवल नगरपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वियन गर्न वनेको आर्थिक ऐन २०७५ |
| १३ | सुनवल नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको ऐन २०७५ |
| १४ | सुनवल नगरपालिकाको विनियोजन ऐन २०७५ |
| १५ | सुनवल नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ |
| १६ | सुनवल नगरपालिका शिक्षा नियमावली २०७५ |
| १७ | सुनवल नगरपालिकावाट गरिने वजार अनुगमन निर्देशिका २०७५ |
| १८ | सुनवल नगरपालिकाको उपभोक्त समिति गठन परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०७५ |
| १९ | सुनवल नगरपालिकामा करारमा प्ाविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि २०७५ |
| २० | सुनवल नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि २०७५ |
| २१ | सुनवल नगरपालिका आर्थिक ऐन २०७६ |
| २२ | सुनवल नगरपालिका विनियोजन ऐन २०७६ |
| २३ | सुनवल नगरपालिका अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यविधि २०७५ |
| २४ | सुनवल नगरपालिका प्रशुती गृह संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ |
| २५ | सुनवल नगरपालिका महिला उद्यम केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ |
| २६ | सुनवल नगरपालिका शित भण्डार कोष संचालन कार्यविधि २०७५ |
| २७ | सुनवल नगरपालिकाको अमानतवाट नदीजन्य पदार्थ घाटगद्धी तथा विक्रि वितरण समवन्धी कार्यविधि २०७६ |
| २८ | सुनवल नगरपालिकाको सहकारी संस्था एकिकरण सम्वन्धी कार्यविधि २०७६ |
| २९ | सुनवल नगरपालकाको शिक्षा नियमावली ( प्रथम संशोधन) २०७६ |
| ३० | निजी जग्गाको माटो उत्खनन तथा ओसारपसार सम्वन्धी कार्यविधि २०७६ |
| ३१ | पशुसेवा शाखा मागमा आधारित कार्यक्रम संचालन कार्यविधि २०७६ |
| ३२ | पशुस्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ |
| ३३ | सुनवल नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०७६ |

| | |
|---|---|
| ३४ | अपांगत परिचयपत्र वितरण (प्रथम संशोधन)कार्यविधि २०७६ |
| ३५ | सुनवल नगरपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्वन्धी कार्यैविधि २०७६ |
| ३६ | सुनवल नगरपालिका व्यवसाय कर सम्वन्धी कार्यविधि २०७६ |
| ३७ | सुनवल नगरपालिका घर वहालकर व्यवस्थापन सम्वन्धी कार्यविधि २०७६ |
| ३८ | जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि २०७६ |
| ३९ | सुनवल नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता २०७६ |
| ४० | सुनवल नगरपालिका आर्थिक ऐन २०७७ |
| ४१ | सुनवल नगरपालिका विनियोजन ऐन २०७७ |
| ४२ | सुनवल नगरपलिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७ |
| ४३ | सुनवल नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातारणीय परिक्षण कार्यविधि २०७७ |
| ४४ | सुनवल नगरपालिकाको लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि २०७७ |
| ४५ | सुनवल नगरपालिकाको वालकोष संचालन कार्यविधि २०७७ |
| ४६ | सुनवल नगरपालिकाको वस्ति विकास तथा भवन निर्माण सम्वन्धी ( प्रथम संशोधन) मापदण्ड २०७७ |
| ४७ | सुनवल नगरपालिकाको विद्यालय सम्पत्ति व्यवस्थापन निर्देशिका २०७७ |
| ४८ | सुनवल नगरपालकाको आर्थिक( प्रथम संशोधन) ऐन २०७७ |
| ४९ | सुनवल नगरपालकाको विनियोजन( प्रथम संशोधन) ऐन २०७७ |
| ५० | सुनवल नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन ऐन, २०७७ |
| ५१ | सुनवल नगरपालिकाको अटोभिलेज व्यवस्थापन ऐन, २०७७ |
| ५२ | सुनवल नगरपालिकाको औधोगिक ग्राम व्यवस्थापन ऐन २०७७ |
| ५३ | सुनवल नगरपालिकाको सार्वजनिक नीजि साझेरी ऐन २०७७ |
| ५४ | सुनवल नगरपालिकामा कार्यालय सहयोगी र सवारी चालक सेवा करारमा लिने कार्यविधि २०७८ |
| ५५ | सुनवल नगरपालिाकामा नगर प्रहरीको सेवा करार गर्ने सम्वन्धी कार्यविधि २०७७ |
| ५६ | सुनवल नगरपालिकाको अटोभिलेज व्यवस्थापन नियमावली, २०७७ |
| ५७ | आर्थिक ऐन २०७८ |
| ५८ | विनियोजन ऐन २०७८ |
| ५९ | नगर शिक्षा ऐन २०७८ |
| ६० | कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७८ |
| ६१ | सुनवल नगरपालिकाको वालवालिका सम्वन्धी ऐन २०७८ |
| ६२ | सुनवल नगरपालिका कर्मचारी समायोजन ऐन, २०७८ |
| ६३ | सुनवल नगरपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७८ |
| ६४ | सुनवल नगरपालिकाको जलस्रोत ऐन २०७८ |
| ६५ | सुनवल नगरपालिकाको वन ऐन २०७८ |
| ६६ | सुनवल नगरपालिकाको राहत सम्वन्धी मापदण्ड, २०७८ |
| ६७ | सुनवल नगरपालिकाको मेलमिलाप केन्द्र सञ्चालन सम्वन्धी कार्यविधि २०७८ |
| ६८ | सुनवल नगरपालिकाको विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७८ |


| | |
|---|---|
| ६९ | सुनवल नगरपालिकाको छात्रवृत्ति तथा विद्यार्थी वस्तुगत सहायता कार्यविधि २०७८ |
| ७० | सुनवल नगरपालिकाको विनियोजन(प्रथम संशोधन) ऐन २०७८ |
| ७१ | सार्वजनिक भवन तथा सभाहल व्यवस्थापन सम्वन्धी कार्यविधि २०७८ |
| ७२ | सुनवल नगरपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि २०७८ |
| ७३ | सुनवल नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसंचालन कार्यविधि २०७८ |
| ७४ | सुनवल नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिको कार्यसंचालन कार्यविधि २०७८ |
| ७५ | सुनवल नगरपालिकाको सामाजिक सुरक्षा तथा वस्तुगत सहायता कार्यविधि २०७८ |

## ७. सुनवल नगरपालिकाको आर्थिक वर्ष २०७७।७८ को स्वमूल्यांकनको नतिजा ( गुणस्तर परिक्षण हुन वाँकी) :

### ७.१ स्वमूल्यांकन नतिजा माकुरी तथ्यांकमा :

| क्र स | शिर्षक | प्राप्ताङ्क |
|---|---|---|
| १ | शासकीय प्रवन्ध | 7.5 |
| २ | संगठन तथा प्रशासन | 5.25 |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | 6 |
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | 7.5 |
| ५ | सेवा प्रवाह | 11.5 |
| ६ | न्यायिक कार्य सम्पादन | 7 |
| ७ | भौतिक पूर्वाधार | 8 |
| ८ | सामाजिक समावेशीकरण | 3.75 |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | 4 |
| १० | सहकार्य र समन्वय | 1.75 |
| जम्मा | | 62.25 |

### ७.२ स्वमूल्यांकन नतिजा माकुरी जालोमा :



सम्पर्क :

सुनवल नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सुनवल, नवलपरासी(वर्दघाट सुस्ता पश्चिम)

फोन नं. ०७८ ५७०११०

इमेल : info@sunwalmun.gov.np

वेभसाइट : www.sunwalmun.gov.np

नगर प्रमुख

श्री विमला अर्याल

सम्पर्क नं.: ९८५७०४८१०२

नगर उपप्रमुख

श्री सूर्य प्रसाद दुवे

सम्पर्क नं.: ९८५७०४८१०३

प्रमुख प्रशासकीय अधिकृत

श्री अशोक कोइराला

सम्पर्क नं. : ९८५७६३८१११

सूचना अधिकारी

श्री मोहनराज ज्ञवाली

सम्पर्क नं. ९८५७०४५६५४

इमेल : suchanaadhikari@sunwalmun.gov.np

mohan.gyawalig@gmail.com